सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको

# बुलेटिन

आर्थिक वर्ष २०७७/०७८ वर्ष: १ अङ्क: १

## सम्पादकीय

नेपालको संविधानले तीन तहको शासकीय स्वरूपको व्यवस्था गरेअनुरूप प्रदेश सरकारको स्थापना भई कार्य प्रारम्भ भएको तीन वर्ष पुग्न लागेको छ। यस अवधिमा प्रदेश सरकारले संविधानको मर्म र भावना अनुसार आफ्नो कार्यक्षेत्रमा गर्नुपर्ने कार्यहरूका लागि आवश्यक कानुन तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनका लागि ऐन, नियमावली, निर्देशिका र कार्यविधि, संरचना र जनशक्तिको व्यवस्थापनका लागि नै पुरै समय खर्चिनुपर्ने अवस्था रह्यो।

कर्मचारी समायोजन पछि आवश्यकता अनुसारको जनशक्ति उपलब्ध नभएको अवस्था विद्यमान छ। यस अवस्थामा यस मन्त्रालयको कार्यजिम्मेवारीसँग सम्बन्धित विषयक्षेत्रमा सम्पन्न भएका प्रमुख कार्यक्रमहरू, चालु आ. व. २०७७।०७८ को पौष महिनासम्म गरिएका क्रियाकलापहरू र प्रमुख कार्यक्रमहरूसहित विविध विषयवस्तुहरू समावेश गरी यो बुलेटिन प्रकाशन गर्ने प्रयास गरिएको छ। यसबाट सरोकारवालाहरूमा यस मन्त्रालयबाट भए गरेका प्रयासहरू र गर्नुपर्ने कार्यक्रमहरूका बारेमा जानकारी लिई सुसूचित हुने अवसर मिल्ने छ। यसबाट मन्त्रालयबाट गरिने कार्यक्रमहरूमा थप पारदर्शिता र उत्तरदायित्वका लागि सहयोग पुग्ने विश्वास लिइएको छ।

अन्त्यमा आगामी दिनमा यस मन्त्रालयबाट गर्ने कार्यक्रमहरूलाई थप सेवाग्राहीमुखी, पारदर्शीतासहित नतिजामुखी एवम् दिगो र प्रभावकारी हुने गरी सेवा प्रवाह गर्न यहाँहरूबाट रचनात्मक एवम् सिर्जनात्मक सुझावहरूको अपेक्षा गर्दछौँ।

## यस भित्र


- सामाजिक विकास मन्त्रालयको कार्यजिम्मेवारी
- मन्त्रालय र मातहतको सङ्गठन र जनशक्ति
- मन्त्रालयसँग सम्बन्धित तर्जुमा भएका कानुनी दस्तावेजहरु
- मन्त्रालयबाट शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षणका लागि अनुमति प्रदान गरेका संस्थाहरूको विवरण
- आर्थिक वर्ष २०७७।०७८ को शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद र सामाजिक विकास क्षेत्रसँग सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम
- आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा यस मन्त्रालय र मातहतका निकायबाट भएका प्रमुख कार्यक्रमहरू र उपलब्धिहरू
- मन्त्रालय र मातहत निकायहरूको आ. व. २०७७/०७८ को प्रथम चौमासिकको भौतिक तथा वित्तीय प्रगति
- आर्थिक वर्ष २०७७/०७८ को पुस महिनासम्म यस मन्त्रालय र मातहतका निकायबाट सम्पादन भएका प्रमुख उपलब्धिहरू
- कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणसँग सम्बन्धित क्रियाकलापको विवरण
- मन्त्रालय मातहतका कार्यालय र कार्यालयका प्रमुखहरुको नाम, फोन नम्वर र कार्यालयको इमेलको विवरण।




माननीय मुख्यमन्त्री र सामाजिक विकास मन्त्रीज्यू बिच आर्थिक वर्ष २०७७।०७८ को कार्य सम्पादन करार



उच्च शिक्षा शिक्षण संस्था अध्ययन कार्यदलको प्रतिवेदन बुझ्दै माननीय मुख्यमन्त्री एवम सामाजिक विकास मन्त्रीज्यू

## १. परिचय

नेपालको संविधानले तीनतहको शासकीय स्वरूप व्यवस्था गरेबमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहेका सात प्रदेशमध्ये बागमती प्रदेश एक हो । यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौँ गरी १३ ओटा जिल्ला छन् भने तीन महानगरपालिका, एक उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी कुल ११९ स्थानीय तह रहेका छन् ।

प्रदेश तहमा सामाजिक क्षेत्रमा कार्यसम्पादन गर्ने जिम्मेवारीसहित सामाजिक विकास मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयअन्तर्गत शिक्षा, स्वास्थ्य, युवा, खेलकुद, भाषा, संस्कृति महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, सामाजिक सुरक्षा तथ श्रम तथा रोजगार जस्ता विषय क्षेत्रहरूको कार्य जिम्मेवारी तोकिएको छ । खास गरी नागरिकलाई सर्भसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराई जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्ग तथा असक्त नागरिकलाई समान व्यवहार र विशेष सेवा सुविधा उपलब्ध गराउनु, युवा तथा खेलकुद पूर्वाधारको विकास विस्तार एवम् विज्ञान प्रविधिको क्षेत्रको विकास गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ ।

## २. मन्त्रालयको कार्य जिम्मेवारी

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार समाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारी देहायबमोजिम रहेका छन् :

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कायार्न्वयन र नियमन,
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निधार्रण, अनुमित तथा नियमन,
३. प्रदेशस्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालयसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कायार्न्वयन र नियमन,
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृतिसम्बन्धी नीति, कानुन तथा मापदण्ड निधार्रण, कायार्न्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण,
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
६. प्रदेशस्तरमा विद्यालय तहका शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निधार्रण र नियमन,
७. माध्यमिक तहको परीक्षा व्यवस्थापन,
८. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
९. स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कायार्न्वयन र नियमन,
१०. प्रदेशस्तरमा आवस्यक पर्न प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

११. स्वास्थ्य सेवासम्बन्धी प्रदेशदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमित र नियमन,

१२. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निधार्रण, अनुगमन र नियमन,

१३. राष्ट्रिय मापदण्डबमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम् खुद्रा मूल्य निधार्रण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धाण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, खारेजी, सञ्चालन, अनुमति र नियमन,

१४. राष्ट्रिय मापदण्डअनुरूप अस्पताल, नर्सिङहोम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, खारेजी, सञ्चालन, अनुमित र नियमन,

१५. राष्ट्रिय मापदण्डबमोजिम स्वास्थ्य बिमा लगायतका समाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१६. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

१७. औषधी निगरानी(Pharmacovigilance), औषिधको उचितप्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण ,

१८. खोप र परिवार नियोजन,

१९. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

२०. प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखाप्रणालीको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

२१. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थसर्भेलेन्स) व्यवस्थापन,

२२. सुर्ती, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, निर्धारण तथा नियमन,

२३. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपत्कालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बिफरस्टक व्यवस्थापन,

२४. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५. राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवसम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६. स्वास्थ्यजन्य फोहोर व्यवस्थापनसम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२७. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

२८. जनसङ्ख्या, बसाइँ सराई र परिवार नियोजनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय,

२९. महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

३०. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

३१. महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान,

३२. लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण,

३३. बाल बालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बालउद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

३४. प्रदेशस्तरमा ज्येष्ठ नागिरक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिकाका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

३५. समाजकल्याण र सङ्घ संस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

३६. युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

३७. खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निधार्रण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धन,

३८. खेलकुद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन,

३९. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,

४०. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कायान्र्वयन,

४१. सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४२. प्रदेशभित्र रोजगारी प्रवर्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,

४३. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थलसम्बन्धी,

४४. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४५. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

४६. प्रादेशिकस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन

४७. प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, गढी, सांस्कृतिक धरोहरसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण,

४८. धर्म, परम्परा र गुठीअन्तगर्त चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,

४९. संस्कृतिको विकाससम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।

## ३. मन्त्रालयको सङ्गठन र जनशक्ति

यस प्रदेश सरकारको स्थापना २०७४ माघ २९ गते भएको हो। प्रदेश सरकारमा विभिन्न मन्त्रालयहरु मध्ये यस मन्त्रालयमा सातओटा महाशाखा रहेका छन्। जसअन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान,उच्च शिक्षा, स्वास्थ्य नीति तथा योजना, अस्पताल विकास तथा चिकित्सा सेवा, सामाजिक विकास, युवा तथा खेलकुद र प्रशासन तथा योजना

महाशाखा रहेका छन्। यस मन्त्रालयमा राजपत्राङ्कित प्रथम श्रेणीको सचिवसहित ५४ जना कर्मचारीको दरबन्दी रहेको छ । मन्त्रालयअन्तर्गत स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य कार्यालय १३, जिल्लामा आयुर्वेद केन्द्र १३ र अस्पताल ८ ओटा रहेका छन्। यसैगरी शिक्षा विकास निर्देशानलय, शिक्षा तालिम केन्द्र, प्रदेश खेलकुद विकास परिषद्, व्यावसायिक तथा सिप विकास तालिम केन्द्र हेटौँडा, मकवानपुर र गजुरी धादिङ, सार्वजनिक निर्माण कार्यान्वयन इकाइ, गजुरी धादिङ र काभ्रेपलाञ्चोक गरी मन्त्रालयको मातहतमा ४५ ओटा निकायहरू स्थापना भई सञ्चालनमा रहेका छन्। यस मन्त्रालय र मातहतका निकायहरूमा स्थायी र अस्थायी गरी ९३२ जनाको दरवन्दी रहेको छ।

**सामाजिक विकास मन्त्रालय र मातहतका निकायहरूको दरबन्दीको विवरण**

| क सं | कार्यालयको नाम | मौजुदा अवस्था | | कैफियत |
|---|---|---|---|---|
| | | कार्यालय सङ्ख्या | दरबन्दी | |
| १ | सामाजिक विकास मन्त्रालय | १ | ५४ | |
| २ | शिक्षा विकास निर्देशनालय | १ | ३५ | |
| ३ | शिक्षा तालिम केन्द्र | १ | १७ | |
| ४ | प्रदेश खेलकुद विकास परिषद् | १ | ११ | अस्थायी |
| ५ | व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरू | २ | ४० | अस्थायी |
| ६ | सार्वजनिक निर्माण कार्यान्वयन एकाइ | २ | २८ | अस्थायी |
| ७ | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १ | १७ | |
| ८ | स्वास्थ्य तालिम केन्द्र | १ | १४ | |
| ९ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | १४ | |
| १० | स्वास्थ्य सेवा निर्देशनालय | १ | ३३ | |
| ११ | स्वास्थ्य कार्यालय | १३ | १७९ | |
| १२ | अस्पताल | ८ | ४०१ | |
| १३ | आयुर्वेद स्वास्थ्य केन्द्र र अस्पताल | १३ | ८९ | |
| **जम्मा** | | ४६ | ९३२ | |

## ४. मन्त्रालयसँग सम्बन्धित कानुन

क) ऐन

- प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७६
- प्रदेश खेलकुद विकास ऐन, २०७५
- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना र सञ्चालन गर्ने ऐन, २०७५
- प्रदेश बाल बालिकासम्बन्धी ऐन, २०७६
- प्रदेश युवा परिषद् ऐन, २०७६

ख) आदेश

- प्रदेश भित्रका अस्पतालहरूको सञ्चालन र व्यवस्थापन आदेश, २०७५

ग) नियम/ नियमावली

- प्रदेश खेलकुद विकास नियमावली, २०७६
- प्रदेश स्वास्थ्य सेवा नियमावली २०७६
- प्रदेश युवा परिषद नियमावली, २०७७
- मदन भण्डारी स्वास्थ्य विज्ञान (पदाधिकारी व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धी) नियमावली, २०७७

घ) कार्यविधि/ निर्देशिका/मापदण्ड

- अस्पताललाई सेवा विस्तार अनुदान कार्यविधि,२०७५
- हिमाली तथा पहाडी जिल्लामा महिला तथा बाल स्वास्थ्य प्रवर्धनका लागि साना आयोजना कार्यक्रम अनुदानसम्बन्धी कार्यविधि, २०७५
- करारमा चिकित्सक नियुक्ति गर्ने कार्यविधि, २०७५
- प्रदेश आपतकालीन बाल संरक्षण कोष(स्थापना र सञ्चालन) कार्यविधि, २०७५
- अपाङ्गता भएका व्यक्तिका लागि स्वरोजगार तथा सिपमूलक तालिम सञ्चालनसम्बन्धी मापदण्ड, २०७५
- अपाङ्गता सूचना केन्द्र सञ्चालनसम्बन्धी कार्यविधी, २०७५
- महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूलाई दिइने अनुदान व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७५
- प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५
- आयोजना कार्यान्वयन कार्यविधि, २०७५
- शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७५
- स्थानीय तहका महिला, सहकारी/सङ्घ संस्थाका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि महिला नेतृत्व विकास प्रशिक्षण विषयक तालिम सञ्चालनसम्बन्धी निर्देशिका २०७५
- स्थानीय तहका महिला जनप्रतिनिधी र कर्मचारीको नेतृत्व क्षमता अभिवृद्धिका लागि महिला नेतृत्व विकास प्रशिक्षण विषयक तालिम सञ्चालनसम्बन्धी निर्देशिका, २०७५
- एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७६
- बालविवाह अन्त्यसम्बन्धी प्रादेशिक रणनीति, २०७६
- रोभिङ अ.न.मी कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- विद्यालय बस सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति अनुदान निर्देशिका, २०७६
- खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा सङ्घसंस्था सहयोग तथा अनुदान कार्यविधि,२०७६

- प्राज्ञिक एवम् राष्ट्रिय व्यक्तित्वको नाममा स्थापित प्रतिष्ठान अनुदान कार्यविधि, २०७६
- भाषा, कला तथा साहित्य प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०७६
- पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका, २०७७
- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७
- एक विद्यालय/शिक्षालय एक उद्यम सम्बन्धी कार्यविधि, २०७७ ।

## ५. मन्त्रालयबाट शैक्षिक परामर्शसेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षणका लागि अनुमति प्रदान गरेका संस्थाहरूको विवरण

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| १ | नेपाल स्मार्ट स्टडी प्रा. लि., हेटौँडा उ.म.न.पा. -४, मकवानपुर | ००१/२०७५-७६ | २०७५/११/०८ | शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण |
| २ | सेन्टर फर एग्रिकल्चरल रिसर्च एन्ड एजुकेसन प्रा. लि., भरतपुर -३, चितवन | ००२/२०७५-७६ | २०७५/११/०८ | पूर्व तयारी कक्षा |
| ३ | भरतपुर मेडिकल इन्टिच्युट प्रा. लि., भरतपुर म. न. पा. -१०, चितवन | ००३/२०७५-७६ | २०७५/१२/०८ | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण |
| ४ | हेन्ड फर हेल्प एजुकेसन माइग्रेसन कन्सल्टेन्ट सर्भिस प्रा. लि., हेटौँडा उ. म. न. पा. -४, मकवानपुर | ००४/२०७५-७६ | २०७५/११/०८ | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण |
| ५ | ड्रिम्स एकेडेमी इन्स्टिच्युट, भरतपुर -११, चितवन | ००५/२०७५-७६ | २०७६/०२/०८ | पूर्व तयारी कक्षा (ब्रिज कोर्ष, ट्यूसन र कोचिङ) |
| ६ | इन्स्टिच्युट अफ मिसन चितवन प्रा. लि., भरतपुर -१०, चितवन | ००६/२०७५-७६ | २०७६/०२/०८ | पूर्व तयारी कक्षा (ब्रिज कोर्ष, ट्यूसन र कोचिङ) |
| ७ | सि स्टार एजुकेसनल कन्सल्टेन्सी प्रा. लि., भरतपुर -१०, चितवन | ००७/२०७५-७६ | २०७६/०२/०८ | पूर्व तयारी कक्षा (ट्यूसन र कोचिङ), भाषा शिक्षण (कोरियन भाषा र अङ्ग्रेजी) |
| ८ | सगरमाथा एकेडेमी फाउन्डेसन अफ एजुकेसन कन्सल्टेन्सी हेटौँडा प्रा. लि., हेटौँडा -४ | ००८/२०७५-७६ | २०७६/०२/२९ | पूर्व तयारी कक्षा (IELTS, ट्यूसन र कोचिङ) भाषा शिक्षण (अङ्ग्रेजी, जापानिज र कोरियन) र शैक्षिक परामर्श |
| ९ | ब्रिज एजुकेसन हेटौँडा प्रा. लि., हेटौँडा -४ | ००९/२०७५-७६ | २०७६/०२/२९ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (जापानिज) र शैक्षिक परामर्श |
| १० | केटिएम कन्सल्टिङ ग्रुप हेटौँडा प्रा. लि., हेटौँडा -४ | ०१०/२०७५-७६ | २०७६/०२/२९ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ११ | नेक्स्ट प्वाइन्ट एजुकेसन कन्सल्टेन्सी प्रा. लि., हेटौँडा -४, मकवानपुर | ०११/२०७५-७६ | २०७६/०२/२९ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (कोरियन र जापानिज) र शैक्षिक परामर्श |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| १२ | मनकामना इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि., हेटौंडा -४, मकवानपुर | ०१२/२०७५-७६ | २०७६/०२/२९ | पूर्व तयारी कक्षा (ट्युसन र कोचिङ) |
| १३ | हेटौंडा एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेज प्रा. लि., हेटौंडा उ.म.न.पा. -४, मकवानपुर | ००१/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारी (IELTS) र शैक्षिक परामर्श |
| १४ | आइटेक यूनिभ प्लस प्रा.लि ,हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ००२/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारीः ट्यूसन र कोचिङ |
| १५ | पेन्टागन एकेडेमी हेटौंडा प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ००३/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारीः ट्यूशन र कोचिङ |
| १६ | हेटौंडा लिंकेज टेक्निकल एकेडेमी प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ००४/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारीः ट्यूसन र कोचिङ भाषा शिक्षणः कोरियन र जापानिज |
| १७ | आरिराङ ल्याङ्वेज सेन्टर प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ००५/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः कोरियन |
| १८ | राइटपाथ हेटौंडा नेपाल प्रा.लि., हेटौंडा उ.म.न.पा.-४ | ००६/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारी (IELTS) र शैक्षिक परामर्श |
| १९ | किञ्जाल इन्टरनेसनल प्रा.लि., हेटौंडा उ.म.न.पा.-१०, मकवानपुर | ००७/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः जापानिज |
| २० | कप्लान एडुकेशन फाउन्डेसन प्रा.लि., हेटौंडा उ.म.न.पा.-३, मकवानपुर | ००८/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारी (IELTS/TOEFL) र शैक्षिक परामर्श |
| २१ | एभियटर एजुकेसनल कन्सल्टेन्सी प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ००९/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारी(IELTS) को अनुमति दिने, शैक्षिक परामर्श कर्ताको प्रमाण पत्र आएपछि मात्र दिने |
| २२ | नेशनल एलायन्स अफ मास्टर एजुकेटर्स इन्स्टिच्युट प्रा.लि., हेटौंडा उ.म.न.पा.-१०, मकवानपुर | ०१०/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारीः ट्यूसन, कोचिङ, IELTS र जापानिज भाषा |
| २३ | ओरिजन एजुकेसन प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ०११/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारीः ट्यूसन र कोचिङ |
| २४ | नारा एजुकेसनल कन्सल्टेन्सी प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ०१२/२०७६-७७ | २०७६/०५/१६ | जापानिज भाषा र शैक्षिक परामर्श |
| २५ | युनिक अल्फा एजुकेसन कन्सल्टेन्सी प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ०१३/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः जापानिज |
| २६ | शैलुङ एजुकेसनल कन्सल्टेन्सी प्रा.लि., हेटौंडा उ.म.न.पा.-१०, मकवानपुर | ०१४/२०७६-७७ | २०७६/०५/१६ | जापानिज भाषा र शैक्षिक परामर्श |
| २७ | आरिराङ कोरियन भाषा तालिम तथा कन्सल्टेन्सी ,हेटौंडा उ.म.न.पा.-४मकवानपुर , | ०१५/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः कोरियन |
| २८ | टोडल मल्टिपर्पस कम्पनी प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ०१६/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः कोरियन र जापानिज |
| २९ | सनसुई ल्याङ्ग्वेज इन्टिच्यूट प्रा.लि., हेटौंडा उ.म.न.पा.-४, मकवानपुर | ०१७/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः जापानिज |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| ३० | रेवा ल्याङ्ग्वेज इन्टिच्यूट प्रा.लि., हेटौँडा उ.म.न.पा.-४, मकवानपुर | ०१८/२०७६-७७ | २०७६/०५/१६ | भाषा शिक्षणः जापानिज |
| ३१ | हेटौँडा इन्टिच्युट अफ टेक्निकल एजुकेसन प्रा.लि., हेटौँडा उ.म.न.पा.-५, मकवानपुर | ०१९/२०७६-७७ | २०७६/०५/१६ | पूर्वतयारी (ट्युसन, कोचिङ र IELTS) र भाषा शिक्षणः जापानिज र कोरियन |
| ३२ | ग्लोबल अपरच्युनिटिज नेपाल प्रा. लि., काठमाडौँ म.न.पा. -२९, काठमाडौँ | ०२०/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ३३ | एक्सिलेन्ट एजुकेसन एन्ड काउन्सेलिङ् सर्भिसेज प्रा. लि., काठमाडौँ म.न.पा. -२८, काठमाडौँ | ०२१/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ३४ | वाइ एक्सिस इन्टरनेसनल एजुकेसन सर्भिस प्रा. लि., काठमाडौँ म.न.पा. -, काठमाडौँ | ०२२/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ३५ | किजुना इन्टरनेसनल एजुकेसन प्रा. लि., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०२३/२०७६-७७ | २०७६/०८/०६ | भाषा शिक्षण (जापानिज भाषा), शैक्षिक परामर्श |
| ३६ | युनिक एजुकेसन कर्नर प्रा. लि., काठमाडौँ म.न.पा. -३१, काठमाडौँ | ०२४/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ३७ | वेस्टफोर्ड एजुकेसन प्रा. लि., काठमाडौँ म.न.पा. -२८, काठमाडौँ | ०२५/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ३८ | स्टार ग्लोबल भिजन एजुकेसन कन्सल्टेन्सी प्रा.लि., काठमाडौँ म.न.पा. -२८, काठमाडौँ | ०२६/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ३९ | हिमालय एजुकेसन प्रा. लि., भरतपुर न. पा. -१०, चितवन | ०२७/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ४० | सेन्ट्रम एकेडेमी कन्सल्टेन्सी प्रा. लि., हेटौँडा उ. म. न. पा. -४, मकवानपुर | ०२८/२०७६-७७ | २०७६/०८/०६ | पूर्व तयारी कक्षा, भाषा शिक्षण (जर्मन र जापानिज भाषा) र शैक्षिक परामर्श |
| ४१ | सिड फाइनान्सियल एकेडेमी प्रा. लि., काठमाडौँ म.न.पा. -३०, काठमाडौँ | ०२९/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (ACCA), शैक्षिक परामर्श |
| ४२ | राइट चान्स एजुकेसन कन्सल्टेन्सी (प्रा.) ली., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०३०/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ४३ | फ्युचर पाथवेज प्रा. लि., काठमाडौँ म.न.पा. -१, काठमाडौँ | ०३१/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ४४ | रशु एजुकेसन फाउन्डेसन प्रा. लि., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०३२/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS), शैक्षिक परामर्श |
| ४५ | सक्सेस पाथ एजुकेसनल कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०३३/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ४६ | हिमालयन विजनेश ग्रुप एजुकेसन सर्भिस प्रा. लि., काठमाडौँ म.न.पा.-३२, काठमाडौँ | ०३४/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ४७ | आर. टु एम. एजुकेसन स्पेसलिस्ट प्रा. लि., काठमाडौँ म. न. पा. -३, काठमाडौँ | ०३५/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ४८ | ए.बि.सी. ग्लोबल एजुकेसन कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०३६/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| ४९ | रिलायबल ल्याङ्गवेज सेन्टर हेटौँडा प्राइभेट लिमिटेड, हेटौँडा उ.म.न.पा. -४, मकवानपुर | ०३७/२०७६-७७ | २०७६/०९/०२ | भाषा शिक्षण (कोरियन भाषा) |
| ५० | चितवन ए.बि.सी. एजुकेसन कन्सल्टेन्सी प्रा.लि., भरतपुर म.न.पा. -१, चितवन | ०३८/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ५१ | इम्पेरियल एब्रोड एजुकेसन प्रा. लि., रत्ननगर न. पा. -३, चितवन | ०३९/२०७६-७७ | २०७६/०९/०२ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ५२ | गुडलाइक एजुकेसन कन्सल्टेन्सी प्रा. लि., का. म. पा. -३१, पुतलीसडक, काठमाडौँ | ०४०/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ५३ | ओएसिस एजुकेसन ग्रुप प्रा. लि., भरतपुर महानगरपालिका -३, चितवन | ०४१/२०७६-७७ | २०७६/१०/१६ | शैक्षिक परामर्श सेवा |
| ५४ | युनिहब इन्टरनेसनल एजुकेसन सेन्टर प्रा. लि., हेटौँडा उपमहानगरपालिका -४, मकवानपुर | ०४२/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श सेवा |
| ५५ | पाठशाला इन्स्टिच्युट प्रा. लि., हेटौँडा | ०४३/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (ट्युसन र कोचिङ) |
| ५६ | वावीसावी एजुकेसन कन्सल्टेन्सी प्राइभेट लिमिटेड, काठमाडौँ म.न.पा. -१३, काठमाडौँ | ०४४/२०७६-७७ | २०७६/१०/१६ | भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ५७ | स्टडी पाथ कन्सल्टेन्स प्रा. लि., का.म.पा. -२९, काठमाडौँ | ०४५/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ५८ | फ्युचर एब्रोड एजुकेसनल कन्सल्टेन्सी प्रा. लि., का.म.पा. -२६, काठमाडौँ | ०४६/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ५९ | इन्फर एजुकेसन प्रा. लि., काठमाडौँ म. न. पा. -२८, काठमाडौँ | ०४७/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ६० | स्टुडेन्ट सेन्टर प्रा. लि., टोखा न. पा. -१०, काठमाडौँ | ०४८/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा |
| ६१ | एम्स भिजन एजुकेसन कन्सल्टेन्सी प्रा. लि., भरतपुर महानगरपालिका -१०, चितवन | ०४९/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श सेवा र भाषा शिक्षण (जापानिज भाषा) |
| ६२ | ग्लोबल ट्रस्ट एजुकेसन कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म.न. पा. -२९, काठमाडौँ | ०५०/२०७६-७७ | २०७६/१०/१६ | शैक्षिक परामर्श सेवा |
| ६३ | डाइनिप्पोन एकेडेमी एन्ड ट्रेनिङ सेन्टर प्रा. लि., टोखा न. पा. -५, काठमाडौँ | ०५१/२०७६-७७ | २०७६/१०/१६ | भाषा शिक्षण (जापानिज भाषा) |
| ६४ | ओपन इन्टरनेसनल एकेडेमी प्रा. लि., काठमाडौँ म.न.पा. -१०, काठमाडौँ | ०५२/२०७६-७७ | २०७६/१०/१६ | भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ६५ | ग्रेजुएट स्टुडियो काउन्सलिङ सेन्टर प्रा. लि., काठमाडौँ म.न.पा. -२८, काठमाडौँ | ०५३/२०७६-७७ | २०७६/१०/१६ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श सेवा |
| ६६ | ल्याङ्गवेज हब प्रा. लि., काठमाडौँ म.न.पा. -२६, काठमाडौँ | ०५४/२०७६-७७ | २०७६/१०/१६ | भाषा शिक्षण (चाइनिज, स्पेनिस, संस्कृत, अङ्ग्रेजी, जर्मन, नेपाली, इटालियन र फ्रेन्च भाषा) |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| ६७ | सेजोङ एजुकेसन इन्स्टिच्युट प्रा. लि., कीर्तिपुर न. पा. -९, काठमाडौँ | ०५५/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (कोरियन भाषा र जापानिज भाषा) र शैक्षिक परामर्श |
| ६८ | कमन एजुकेसनल कन्सल्टेन्सी एन्ड ट्रेनिङ प्रा. लि., हेटौँडा उ. म. न. पा. -४, मकवानपुर | ०५६/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ६९ | हेटौँडा ब्रिलियन्ट एजुकेसन एन्ड करियर सर्भिसेज प्राइभेट लिमिटेड, हेटौँडा उ. म. न. पा. -४, मकवानपुर | ०५७/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS, TOEFL र PTE), भाषा शिक्षण (जापानिज भाषा र अङ्ग्रेजी भाषा) र शैक्षिक परामर्श |
| ७० | केटिएम कन्सल्टिङ जापानिज ल्याङ्गवेज एकेडेमी प्राइभेट लिमिटेड, काठमाडौँ म. न. पा. -७, काठमाडौँ | ०५८/२०७६-७७ | २०७६/११/२७ | भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ७१ | फ्लाइङ कङ्गारू एजुकेसन कन्सल्टेन्सी प्रा. लि., गोकर्णेश्वर न. पा. -७, काठमाडौँ | ०५९/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ७२ | स्मार्ट इन्फोसिस हेटौँडा प्रा. लि., हेटौँडा उ. म. न. पा. -४, मकवानपुर | ०६०/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ७३ | आई. एन. यस. नेपाल प्रा. लि., काठमाडौँ म. न. पा. -२६, काठमाडौँ | ०६१/२०७६-७७ | २०७६/११/२७ | भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ७४ | रिभोलुसन एडुकेयर कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म. न. पा. -२८, काठमाडौँ | ०६२/२०७६-७७ | २०७६/११/२७ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ७५ | इकिगाई एजुकेसनल कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म. न. पा. -१०, काठमाडौँ | ०६३/२०७६-७७ | २०७६/११/२७ | भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ७६ | सेवा जापानिज ल्याङ्वेज इन्स्टिच्युट प्रा.लि., काठमाडौँ म.न.पा. -२, काठमाडौँ | ०१/२०७७-७८ | २०७७/०५/१८ | भाषा शिक्षण (जापानिज भाषा) |
| ७७ | होराइजन एसोसिएट्स प्रा.लि. , काठमाडौँ म.न.पा. -२९, काठमाडौँ | ०२/२०७७-७८ | २०७७/०५/१८ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ७८ | शताक्षी एजुकेसनल फाउन्डेसन प्रा. लि., काठमाडौँ म.न.पा. -१, काठमाडौँ | ०३/२०७७-७८ | २०७७/०५/१८ | पूर्व तयारी कक्षा (IELTS) र शैक्षिक परामर्श |
| ७९ | एम कन्सल्टेन्सी प्रा. लि., काठमाडौँ म.न.पा. -७, काठमाडौँ | ०४/२०७७-७८ | २०७७/०५/१८ | पूर्व तयारी कक्षा (IELTS), भाषा शिक्षण (जापानिज भाषा) र शैक्षिक परामर्श |
| ८० | प्रिल्युड एजुकेसन प्रा. लि., काठमाडौँ म.न.पा. – ३२, काठमाडौँ | ०५/२०७७-७८ | २०७७/०५/१८ | शैक्षिक परामर्श |
| ८१ | एन. सी. ए. कलेज अफ म्यानेजमेन्ट प्रा. लि., काठमाडौँ म.न.पा. -९, काठमाडौँ | ०६/२०७७-७८ | २०७७/०५/१८ | पूर्व तयारी कक्षा (ACCA) |
| ८२ | नेशनल ल्याङ्ग्वेज स्कूल प्रा.लि., का.म.न.पा. -२६, ठमेल, काठमाडौँ | ०७/२०७७-७८ | २०७७।०८।२९ | भाषा शिक्षण - अङ्ग्रेजी, नेपाली, संस्कृत, चाइनिज |
| ८३ | पाथफाइन्डर एजुकेसन कन्सल्टेन्सी प्रा.लि., का.म.न.पा. -३, महाराजगञ्ज, काठमाडौँ | ०८/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS) |

| क्र. सं. | संस्थाको नाम र ठेगाना | संस्था अनुमति नम्बर | अनुमति प्राप्त गरेको मिति | अनुमति प्राप्त गरेको विषय |
|---|---|---|---|---|
| ८४ | ग्लोबल हब इन्टरनेसनल प्रा.लि., का.म.न.पा. -२८, पुतलीसडक, काठमाडौँ | ०९/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS र CMAT) |
| ८५ | वर्ल्ड लाइट एजुकेसन फाउन्डेसन, का.म.न.पा. -२८, पुतलीसडक, काठमाडौँ | १०/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र भाषा शिक्षण (जापानिज) |
| ८६ | चुकि कन्सल्टेन्सी एन्ड ल्याङ्ग्वेज सेन्टर प्रा.लि., का.म.न.पा. -२८, पुतलीसडक, काठमाडौँ | ११/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र भाषा शिक्षण (जापानिज) |
| ८७ | क्याम्ब्रिज एजुकेसन सेन्टर, हेटौँडा उ.म.न.पा.-४, मकवानपुर | १२/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श, भाषा शिक्षण (जापानिज) र पूर्व तयारी कक्षा (IELTS) |
| ८८ | सिबर्ड अब्रोड सेन्टर प्रा.लि., का.म.न.पा. -२८, बागबजार, काठमाडौँ | १३/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श |
| ८९ | आई.ई.सी. अब्रोड नेपाल प्रा.लि., का.म.न.पा. -१०, बुद्धनगर, काठमाडौँ | १४/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS) |
| ९० | ग्लोबल एजुकेसन सर्भिसेस चितवन प्रा.लि., भरतपुर म.न.पा. -४, नारायणगढ, चितवन | १५/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS र PTE) |
| ९१ | अडभेन्चर एजुकेसन फाउन्डेसन प्रा.लि., हेटौँडा उ.म.न.पा.-४, स्कूलरोड, मकवानपुर | १६/२०७७-७८ | २०७७।०८।२९ | भाषा शिक्षण (जापानिज), पूर्व तयारी कक्षा (IELTS) र ट्युसन कोचिङ) |
| ९२ | थ्रि बिज ग्रुप प्रा.लि., का.म.न.पा. -३०, पुतलीसडक, काठमाडौँ | १७/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श सेवा र पूर्व तयारी कक्षा (IELTS) |
| ९३ | होप एजुकेसनल कन्सल्टेन्सी प्रा.लि., का.म.न.पा. -३, बसुन्धरा, काठमाडौँ | १८/२०७७-७८ | २०७७।०८।२९ | शैक्षिक परामर्श सेवा र पूर्व तयारी कक्षा (IELTS) |
| ९४ | ट्रयाङ्गल ट्रस्ट एजुकेसनल कन्सल्टेन्सी प्रा.लि., का.म.न.पा. -२८, बागबजार, काठमाडौँ | १९/२०७७-७८ | २०७७।०९।२९ | शैक्षिक परामर्श र भाषा शिक्षण (जापानिज) |
| ९५ | कङ्गारु एजुकेसन फाउन्डेसन प्रा.लि., का.म.न.पा. -२८, पुतलीसडक, पद्मोदयमोड, काठमाडौँ | २०/२०७७-७८ | २०७७।०९।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS र PTE) |
| ९६ | सनराइज एजुकेसन नेटवर्क प्रा.लि., का.म.न.पा. -२८, पुतलीसडक, काठमाडौँ | २१/२०७७-७८ | २०७७।०९।२९ | शैक्षिक परामर्श र पूर्व तयारी कक्षा (IELTS) |
| ९७ | होली एजुकेसन फाउन्डेसन प्रा.लि., का.म.न.पा. -२९, पुतलीसडक, काठमाडौँ | २२/२०७७-७८ | २०७७।०९।२९ | शैक्षिक परामर्श, भाषा शिक्षण (जापानिज) र पूर्व तयारी कक्षा (IELTS) |

## ६. आर्थिक वर्ष २०७७/०७८ को यस मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारको नीति तथा कार्यक्रमहरू

| नीतिको बुँदा नम्बर | नीतिको व्यहोरा |
|---|---|
| १९ | प्रदेश सरकार र विश्वविद्यालय, सङ्काय, अध्ययन संस्थानबिच समझदारी गरी कम्तीमा स्नातक तह अध्ययन गरेका विद्यार्थीहरूलाई बढीमा एक वर्षसम्म प्रदेशबाट तोकिएको निकाय वा स्थानीय तहमा स्वयंसेवकको रूपमा काम गर्ने व्यवस्था मिलाइने छ। यसरी काम गर्ने स्वयंसेवकले पाउने सुविधा लगायतका अन्य विषय समझदारी पत्रमा उल्लेख भएबमोजिम हुने गरी "**प्रदेश सरकार- शिक्षालय सहकार्य कार्यक्रम**" सञ्चालनमा ल्याइने छ। |
| | नवप्रवर्तन एवम् सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न नवप्रवर्तन कोष (Challenge Fund) स्थापना गरिनेछ। विगतमा **"युवा वैज्ञानिक प्रोत्साहन कोष"** मार्फत सञ्चालित कार्यक्रम यसै कोषसँग आबद्ध गरिने छ। |
| २४ | कोभिड-१९ (कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापनसहित स्वास्थ्य संस्थाहरूको सुदृढीकरणका विशेष कार्यक्रम सञ्चालन गरिने छ। |
| २६ | सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा जनशक्ति, उपकरण तथा औषधीको उपलब्धता सुनिश्चित गरिने छ। |
| २७ | नसर्ने रोगको समयमै पहिचान र रोकथाम गरी नागरिकको जनधनको रक्षा गर्न "**मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम**" परिमार्जन गरी स्थानीय तहसम्म विस्तार गरिने छ। क्यान्सर रोग लागेका विपन्न नागरिकलाई सङ्घीय सरकारले प्रदान गरेको सहुलियतमा थप सहुलियत दिइने व्यवस्था मिलाइने छ। क्यान्सर अस्पतालहरूसँगको सहकार्यमा महिलाको पाठेघर एवम् स्तन क्यान्सरको निशुल्क परीक्षण गर्ने व्यवस्था मिलाइने छ। मृगौला रोगीका लागि डायलासिस सेवा प्रदेशका जिल्ला अस्पतालहरूमा विस्तार गरिने छ। |
| २८ | नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पँहुचको सुनिश्चितताका लागि अस्पताल नभएका प्रादेशिक निर्वाचन क्षेत्रमा रहेका कम्तीमा एक स्वास्थ्य संस्थालाई सेवा विस्तार एवम् सुदृढीकरण गर्न स्थानीय तहलाई सहयोग गरिने छ। |
| २९ | प्रदेश मातहतका सबै जिल्ला आयुर्वेद केन्द्रलाई वैकल्पिक चिकित्सा सेवा, पञ्चकर्म तथा योग सेवासहित सुदृढीकरण गरिने छ। प्राकृतिक एवम् वैकल्पिक चिकित्सा सञ्चालनका लागि प्रोत्साहन गरिने छ। |
| ३० | प्रदेश मातहत रहेका अस्पतालबाट नागरिकलाई **"एकीकृत स्वास्थ्य सेवा"** प्रदान गर्ने व्यवस्था मिलाउन आगामी आर्थिक वर्षबाट परीक्षणका रूपमा कार्यक्रम सुरूवात गरिने छ। |

| नीतिको बुँदा नम्बर | नीतिको व्यहोरा |
|---|---|
| ३१ | मातृ तथा नवजात शिशु सेवालाई सुदृढीकरण गर्दै प्रदेश मातहतका सबै अस्पतालमा **सिइओएनसी** सेवाको सुनिश्चितता गरिने छ । महिलाहरूमा विद्यमान आङ खस्ने समस्याको रोकथाम तथा उपचारको व्यवस्थालाई सबै प्रादेशिक अस्पताल र घुम्ती शिविरमार्फत सहज तुल्याइने छ । कुपोषण लगायत बाल स्वास्थ्य समस्याहरूको रोकथाम तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिँदै प्रदेशमा बसोबास गर्ने अति सीमान्तकृत एवम् लोपोन्मुख जातीहरूको स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालनमा ल्याइने छ । |
| ३२ | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकतामा आधारित दक्ष प्रसुती कर्मी, शल्यक्रिया कक्ष व्यवस्थापन लगायत सिप र दक्षता अभिवृद्धि गर्ने तालिम दिई स्वास्थ्यकर्मीहरूको क्षमता बढाइने छ । स्वास्थ्य र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ । |
| ३३ | सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न **"एक माध्यमिक विद्यालय, एक नर्स"** कार्यक्रमलाई विस्तार गर्दै लगिने छ । निजी र संस्थागत माद्यमिक विद्यालयमा समेत एक विद्यालय एक नर्स कार्यक्रम अनिवार्य रूपमा लागु गर्न स्थानीय तहसँग समन्वय गरिने छ । महिला स्वयंसेविकाहरूलाई दिइँदै आएको सञ्चार खर्चलाई निरन्तरता दिइने छ । |
| ३४ | राजमार्गमा हुने दुर्घटनाका घाइतेको शीघ्र उपचार तथा उपयुक्त अस्पतालमा पठाउने व्यवस्था मिलाउन सडक क्षेत्रको निश्चित दूरीमा रहेका स्थानीय तहसँग सहकार्य गरी सरकारी एवम् सामुदायिक स्वास्थ्य संस्थाहरूलाई सुविधा सम्पन्न एम्बुलेन्ससहित आवश्यक उपकरण र तालिम दिई त्यस्ता संस्थालाई **"दुर्घटना रेस्पोन्स सेन्टर"** को रूपमा विस्तार गरिने छ । |
| ३५ | प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि तथ्यमा आधारित योजना तर्जुमा गरी कार्यान्वयन गर्न तीनै तहका सरकारसँग समन्वय र सहकार्यमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई सुदृढीकरण गरिने छ । |
| ३६ | हेटौँडा अस्पताललाई स्तरोन्नती गरी ३०० सैयाको अस्पतालमा विकास गरिनेछ । **"मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान"**लाई अनुसन्धान केन्द्रको रूपमा विकास गर्न संस्थागत तथा संरचनागत व्यवस्था गरी शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । |
| ३७ | भक्तपुर, सिन्धुली र त्रिशुली अस्पताललाई १०० सैया क्षमताको विशिष्टीकृत स्वास्थ्य सेवा प्रदायक अस्पतालको रूपमा स्तरोन्नती गरिने छ । धादिङ र चौतारालाई ५० सैया तथा रामेछाप र रसुवा अस्पताललाई २५ सैया क्षमतामा स्तरोन्नती गरी सुदृढीकरण गरिने छ । प्रदेशको अस्पताल नभएका जिल्लामा स्थानीय तहको सहमतिमा स्थानीय स्वास्थ्य संस्थालाई स्तरोन्नती गरी प्रदेश अस्पताल बनाइने छ । |

| नीतिको बुँदा नम्बर | नीतिको व्यहोरा |
|---|---|
| ३८ | अस्पताललाई स्वच्छ, सफा र हराभरा राख्ने र अस्पतालजन्य फोहोरमैलाको आधुनिक र उपयुक्त प्रक्रियाबाट विसर्जन गर्ने कार्यलाई अघि बढाइने छ । प्रदेश अन्तर्गतका स्वास्थ्य निकायहरूको भौतिक पूर्वाधार निर्माण, गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक औजार उपकरण व्यवस्थापन र नियमित मर्मत सम्भारको व्यवस्था गरिने छ । |
| १३३ | शिक्षा, स्वास्थ्य, युवा खेलकुद र सामाजिक विकासको क्षेत्रमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई चुस्त र अभिलेख व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न संस्थागत तथा व्यक्तिगत क्षमता विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । |
| १३४ | आगामी आर्थिक वर्षमा यस प्रदेशलाई **"साक्षर बागमती प्रदेश"** घोषणा गरिने छ । |
| १३५ | विद्यालयतहदेखि नै राष्ट्रियता, प्रदेशको मौलिक कला, संस्कृति र ज्ञानको सम्मान, संरक्षण र संवर्धन गर्ने तथा नैतिक शिक्षामा बल पुग्ने प्रकृतिका विषयहरूको पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका कार्यान्वयनमा ल्याइएको छ । विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरणको व्यवस्था मिलाइने छ । |
| १३६ | आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गर्न सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन स्थानीय तहसँग सहकार्य गरिने छ । |
| १३७ | राष्ट्रिय नीति तथा मापदण्डको आधारमा प्रादेशिक **शिक्षा ऐन, नियम तथा कानुनी र संस्थागत संरचना निर्माण** गरी विद्यालय तथा शिक्षक कर्मचारीको सेवा सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन र माध्यमिक शिक्षा कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरणलाई प्रदेशबाट नै सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । सामाजिक विकास क्षेत्रका कार्यक्रमहरू सेवाग्राहीको नजिकमा पुऱ्याई प्रभावकारी कार्यान्वयन गर्न सबै जिल्लामा कार्यालय स्थापना गरिने छ । |
| १३८ | प्रत्येक जिल्लामा अपाङ्गताको प्रकृतिका आधारमा कम्तीमा एक **सुविधा सम्पन्न विशेष विद्यालयको स्थापना**का लागि स्थानीय तहसँग सहकार्य गरिने छ । प्रदेशभित्र सुविधा सम्पन्न विशेष विद्यालय स्थापना गर्ने कार्य अघि बढाइने छ । |
| १३९ | बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न प्रदेशभित्र शैक्षिक गुणस्तर मापदण्ड तयार गरी लागु गरिने छ । |
| १४० | **"गुणस्तरयुक्त शैक्षिक पूर्वाधार, प्रदेश समृद्धिको आधार"** भन्ने नारालाई सार्थक तुल्याउन विद्यालयमा सुरक्षित घेराबार, खेलमैदान, शुद्ध पिउने पानी तथा स्वच्छ हरित विद्यालय निर्माण, सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसहरूको सुदृढीकरण गर्ने कार्य सम्पन्न भएको छ । अभिभावक |

| नीतिको बुँदा नम्बर | नीतिको व्यहोरा |
|---|---|
| | तथा विद्यार्थीहरूको रोजाइ र सिकाइको केन्द्र बनाउन सामुदायिक विद्यालयहरूमा आधारभूत सुविधासहितको पुस्तकालय, विषयगत प्रयोगशाला, सूचना सञ्चार प्रविधि प्रयोगशाला, खेल मैदान, घेराबार लगायत भौतिक तथा शैक्षिक सवलीकरण कार्यक्रमलाई सङ्घीय तथा स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा  निरन्तरता दिइने छ। |
| १४१ | शून्य दरबन्दी भएका सामुदायिक माध्यामिक विद्यालयहरूलाई चालु आर्थिक वर्ष देखि दिन सुरू गरिएको प्रति विद्यालय एक माद्यमिक विद्यालय शिक्षक अनुदानलाई निरन्तरता दिइने छ। |
| १४२ | जीवनोपयोगी, व्यवहारिक एवम् विज्ञान र प्रविधिमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्रभावकारी तुल्याउन प्राविधिक शिक्षा सञ्चालित विद्यालय तथा बहु प्राविधिक तथा प्राविधिक  शिक्षालयहरूको भौतिक पूर्वाधार एवम् प्रयोगशाला सुदृढीकरण, छात्रावास निर्माण तथा प्रशिक्षक क्षमता विकासमा प्राथमिकता दिइने छ। छोटो अवधिका सिपमूलक तालिमहरू मार्फत स्वरोजगारी र रोजगारी सिर्जना गर्न सक्ने उद्यमशीलताको विकास गर्न आवश्यक व्यवस्था मिलाइने छ। |
| १४३ | गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय शिक्षकको सक्षमता अभिवृद्धि गर्न प्रदेश शिक्षक तालिमसम्बन्धी नीति बनाई कार्यान्वयनमा ल्याइने छ। शैक्षिक तालिम केन्द्रको संस्थागत तथा संरचनागत क्षमता विकास गरी अफलाइन र अनलाइन माध्यमबाट शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। |
| १४४ | आगामी आर्थिक वर्षमा प्रदेश विश्वविद्यालय सञ्चालनको कानुनी तथा संस्थागत संरचना व्यवस्था गरी शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याइने छ। सामुदायिक क्याम्पसहरूको शैक्षिक सुदृढीकरण योजना तयार गरी लागु गरिने छ। |
| १४५ | **"बागमती प्रदेशको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा"** भन्ने नारालाई सार्थक बनाउन प्रदेशमा स्थायी बसोवास भएका सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययनरत छात्राहरूलाई चालु आर्थिक वर्षबाट सुरु गरिएको **छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति** कार्यक्रमलाई निरन्तरता दिइने छ। |
| १४६ | **"समृद्धिका लागि युवाको क्रियाशीलता, हातमा सिप र दिमागमा उद्यमशीलता"** भन्ने सोचको कार्यान्वयनका लागि युवाहरूको नेतृत्व विकास, व्यवसायिक सिप अभिवृद्धि, रोजगार, स्वरोजगार एवम् उद्यमशीलता प्रवर्धन जस्ता युवा सशक्तीकरणका कार्यक्रमको व्यवस्था गरिने छ। |
| १४७ | **"विकास, गतिशीलता र स्वास्थ्यका लागि खेलकुद"** भन्ने सोचका साथ खेलकुद पूर्वाधारको योजनाबद्ध विकासको कार्य सुरु गरिएको छ। निर्माणाधीन रङ्गशाला, कभर्डहल र खेल मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ। |

| नीतिको बुँदा नम्बर | नीतिको व्यहोरा |
|---|---|
| १४८ | खेलाडीहरूको क्षमता विकास, स्थानीय खेलकुद प्रवर्धन, प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन र राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाई योजनाबद्ध रूपमा खेलकुदको गुणात्मक विकास गर्ने कार्यहरू गरिने छ। |
| १४९ | सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने कार्यलाई विगतमा झैँ प्रोत्साहित गरिने छ। **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाह मुक्त हाम्रो प्रदेश"** भन्ने लक्ष्यलाई सार्थक तुल्याउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा सम्वत् २०७८ सम्ममा बालविवाह मुक्त प्रदेश बनाइने छ। अभिभावक विहीन (बाबु आमा दुबै नभएको) बालबालिकाको संरक्षण गर्न स्थानीय तहसँगको समन्वयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइने छ। |
| १५० | **"बागमती प्रदेशको सरोकार: महिलालाई अवसर र अधिकार"** भन्ने लक्ष्यका साथ एकल महिला तथा सामाजिक आर्थिक रूपमा पछाडि परेका महिलाहरूको सशक्तीकरण गर्न लैङ्गिक सामानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिने छ। |
| १५१ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको संरक्षण, मानव अधिकारको प्रवर्धन भन्ने सोचका साथ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको संरक्षणका लागि सरोकारवालाको समन्वयमा विशेष कार्यक्रम गरिने छ। |
| १५२ | लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ। मानव बेचबिखन र हिंसामा परेका महिलाको उद्धार तथा पुनर्एकीकरण गर्न, मनोसामाजिक परामर्श प्रदान गर्न, समाजमा पुनर्स्थापना गर्न र रोजगार, स्वरोजगारमा आबद्ध गर्न स्थानीय तहको समन्वयमा सुरक्षित गृह (सेफ होम) को व्यवस्था गरी सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। |
| १५३ | विपद् तथा जोखिममा परेका महिला र बालबालिकाको संरक्षणका लागि मनोसामाजिक परामर्श सेवा लगायत अन्य सेवा उपलब्ध गराउन प्रदेशस्तरीय संरक्षण विषयगत समूहलाई सक्रिय बनाइने छ। किशोर किशोरीको बहुआयामिक विकासका लागि आत्मरक्षासम्बन्धी तालिम र विकास कार्यक्रमलाई प्राथमिकता दिइने छ। |
| १५४ | बाल गृह, संरक्षण गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक आश्रम लगायतका भौतिक तथा संस्थागत संरचनालाई व्यवस्थित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ। |
| १५५ | अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्धन तथा सशक्तीकरण गर्न समुदायमा आधारित पुनस्थापना कार्यक्रम सञ्चालन गरिने छ। |
| १५६ | प्रदेशमा बसोबास गर्ने माझी, थामी, हायु, जिरेल, सुरेल, दनुवार, पहरी, कुमाल, बराम, चेपाङ, ह्योल्मो लगायत अति सीमान्तकृत विपन्न समुदायका महिलाको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ। |

## ७. आ.व. २०७७/०७८ को पौष मसान्तसम्म सम्पादन भएका प्रमुख कार्यक्रमहरू

### क) बहुवर्षीय आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगति

यस मन्त्रालयअन्तर्गत हाल सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाहरूको प्रथम चौमासिक सम्मको भौतिक र वित्तीय प्रगति निम्ना तालिकामा प्रस्तुत गरिएको छ :

**बहुवर्षीय आयोजनाहरूको प्रगति विवरण**

| क्र. सं. | आयोजनाको नाम | भौतिक प्रगति % | वितीय प्रगति % | कैफियत |
|---|---|---|---|---|
| १ | दिनेश रामजी बहुप्राविधिक शिक्षालय चौतारा , सिन्धुपाल्चोक | २० | ० | बोलपत्र प्रकाशन भइसकेको |
| २ | अन्तरराष्ट्रियस्तरको खेलकुद प्रतिष्ठानको स्थापना गौरिटार, मकवानपुर | ० | ० | बोलपत्र प्रकाशन भई सम्झौताको चरणमा |
| ३ | जिरी प्राविधिक शिक्षालय दोलखा | २० | ७ | निर्माण कार्य हुँदै |
| ४ | जिल्लास्तर रङ्गशाला, विदुर निर्माण नुवाकोट | ० | ० | बोलपत्र प्रकाशन भई सम्झौताको चरणमा |
| ५ | चौतारा रङ्गशाला, सिन्धुपाल्चोक | २० | ० | निर्माणकार्य हुँदै |
| ६ | सिन्धुली रङ्गशाला, सिन्धुली | ० | ० | निर्माणकार्य हुँदै |
| ७ | दुधौली रङ्गशाला, सिन्धुली | ० | ० | निर्माणकार्य हुँदै |
| ८ | मन्थली रङ्गशाला, रामेछाप | ० | ० | जग्गा प्राप्तिको प्रकिया अगाडि बढाइएको |
| ९ | मेलम्ची बहुउद्धेश्यीय, सिन्धुपाल्चोक | २० | ० | निर्माणकार्य हुँदै |
| १० | मन्थली कभर्ड हल, रामेछाप | २० | ० | निर्माणकार्य हुँदै |
| ११ | थाहा कभर्डहल निर्माण थाहा, मकवानपुर | ९० | १०५.१८ | निर्माणकार्य हुँदै |
| १२ | कभर्डहल निर्माण माडि, चितवन | २० | ० | निर्माणकार्य हुँदै |
| १३ | प्रदेशस्तरीय बाल अधिकार भवन काभ्रे | ३० | २३६.६० | निर्माणकार्य हुँदै |
| १४ | कभर्डहल निर्माण धनौजी, चितवन | २० | ० | निर्माणकार्य हुँदै |
| १५ | कभर्डहल निर्माण विदुर, नुवाकोट | ९० | ८६ | निर्माणकार्य हुँदै |
| १६ | कभर्डहल निर्माण निलकणठ, धादिङ | ० | ० | बोलपत्र प्रकाशन भई सम्झौताको चरणमा |

### ख) मन्त्रालय र मातहत निकायहरूको भौतिक तथा वित्तीय प्रगति

**आ. व. २०७७/७८ को प्रथम चौमासिकको वित्तीय प्रगति ( रु हजारमा)**

| विवरण | प्रदेश सरकार | | | | सङ्घीय सरकार | | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | वितीय % | भौतिक % | बजेट | खर्च | वितीय % | भौतिक % | कुल बजेट | वितीय % | भौतिक % |
| चालु | ११०७९१८ | ६३००५१.३६८ | ५६.८७ | ७४.३० | ३०४१२६ | | | | | | |
| पूँजीगत | ३११०६५ | ८५६२१.९८५ | २७.५२ | ५२.०८ | ६८१६६ | | | | | | |
| कुल जम्मा | १४१८९८३ | ७१५६७३.३५४ | ५०.४४ | ६७.३९ | ३७२२९२ | १४३२६९.२५१ | ३८.४२ | ५५.१० | १७९१२७५ | ४७.९५ | ६५.२० |
| सिटिइभिटी | | | | | ३०७८४४ | २२१०२०.०२० | ७१.७९ | | ३०७८४४ | | |
| कुल जम्मा | | | | | | | | | २१९९१११ | ४९.१० | |

## ८. मन्त्रालय र मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन भएका प्रमुख कार्यक्रमहरू

- मातहतका कार्यालयहरूको सहभागितामा गत वर्षको समीक्षा तथा चालू आ.व. २०७७/०७८ को कार्यक्रमहरूको अभिमुखीकरण
- मातहतका कार्यालयहरूलाई वार्षिक बजेट तथा कार्यक्रमको अख्तियारी प्रदान
- बहुवर्षीय आयोजनाहरूको निर्माण कार्य हुँदै
- कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचार हुँदै
- नमुना विद्यालयहरूको गुरुयोजना बमोजिम कार्य हुँदै
- प्रदेशस्तरीय शिक्षा नीतिको मस्यौदामा सरोकारवालाहरूको राय सुझाव सङ्कलन गरी सुझावहरूको अध्ययन तथा छलफल गरिएको
- स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखहरूको सहभागितामा वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमहरूको अभिमुखीकरण तथा कोभिड महामारीबाट शिक्षण सिकाइमा परेको प्रभावलाई कम गर्नुपर्ने कार्यक्रमहरूका सम्बन्धमा एक दिवसीय भर्चुअल गोष्ठी सञ्चालन
- युवा वैज्ञानिक प्रोत्साहन कोषमार्फत अनुसन्धानका लागि प्राप्त प्रस्तावहरूको छनोट गरी दुईओटा प्रस्तावहरूसँग संझौता भई कार्य प्रारम्भ (आयोजना शिर्षकः Innovation and Technology development for artificial cultivation of wild high value mushroom Laetiporus sulphureus, ganoderma lucidum र Project on electric conversion of a disel- powered mahendra Bolero into a Wildlife safari Vechicle for use in Chitwan National Park)
- २२ आयोजना अवधारणा पत्रहरूको विज्ञहरूबाट मूल्याङ्कन गरी छनोट भएका सातओटा आयोजनाको पूर्ण प्रस्ताव माग गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि धुर्मुससुन्तली फाउन्डेसनलाई अनुदान सहयोग
- पूर्व तयारी कक्षा, भाषा शिक्षण र शैक्षिक परामर्शका लागि अनुमति माग गरेका २५ ओटा संस्थाको अनुगमन गरी १६ ओटा संसथालाई सेवा प्रदान गर्न अनुमति प्रदान
- २०७५ देखि हालसम्म प्रदेश सरकार मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरूको डिजिटाइजेसन गरी अभिलेख कायम गरिएको
- राष्ट्रिय बाल दिवस, जेष्ठ नागरिक दिवस र युवा दिवस मनाइएको
- प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समिति र प्रदेश बालअधिकार समिति गठन तथा बैठक सञ्चालन
- अपाङ्गता सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन
- प्रदेशस्तरीय कोभिड-१९ सम्बन्धी दैनिक प्रतिवेदन तयारी र प्रकाशन

- २३८ विद्यालयको लागि नर्स छनोटका लागि लिखित परीक्षा र अन्तर्वाता सञ्चालन गरी नतिजा प्रकाशन
- स्वास्थ्य तर्फका ५८ जना स्वयमसेवकहरूको छनोट तथा परिचालन
- स्वास्थ्य तर्फका विशेषज्ञ तथा नवौँ तहका अधिकृतहरूको छनोट तथा परिचालन
- चालू आ. व. २०७७/०७८ को वार्षिक कार्यक्रमको कार्यान्वयन योजना तर्जुमा
- युवा, खेलकुद र विज्ञान प्रविधि नीतिको मस्यौदा तर्जुमा
- सामुदायिक विद्यालयका कार्यरत २५४ जना शिक्षकहरूको लागि ५ दिने तालिम सञ्चालन
- सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित तालिम सञ्चालनको सन्दर्भमा प्रदेश तालिम निर्देशन समन्वय समितिको बैठक सञ्चालन
- प्रदेश सरकारबाट प्रा डा युवराज संग्रौलाको सयोजकत्वमा गठन गरिएको उच्च शिक्षा शिक्षण संस्था अध्ययन कार्य दलले २०७७ पुस २६ गते माननीय मुख्यमन्त्रि एवम सामाजिक विकास मन्त्रीज्यूसमक्ष प्रतिवेदन पेस गरेको
- प्रदेश शिक्षा नीतिको मस्यौदामा छलफल एवम् राय सुझाव सङकलन ।

**आर्थिक वर्ष २०७७/०७८ मा तर्जुमा भएका ऐन, नियमावली, निर्देशिका र कार्यविधि विकास**

- प्रदेश युवा परिषद् नियमावली, २०७७ स्वीकृत
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक) नियमावली, २०७७
- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७
- एक विद्यालय/शिक्षालय एक उद्यम सम्बन्धी कार्यविधि, २०७७
- आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन विकास
- स्थानीय तह वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन विकास
- प्रदेश उच्च शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विद्ययेक , २०७७ को मस्यौदामा छलफल
- प्रदेशको १० वर्षे शैक्षिक योजना तर्जुमाका लागि समितिको गठन गरी कार्य प्रारम्भ ।

## ९. प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समिति र प्रदेश बालअधिकार समिति गठन

### ९.१ प्रदेश बाल अधिकार समितिका सदस्यहरूको विवरण

| | | |
|---|---|---|
| माननीय मन्त्री, सामाजिक विकास मन्त्रालय | | – अध्यक्ष |
| सचिव, श्री | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | – सदस्य |
| सचिव, श्री | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | – सदस्य |
| प्रमुख, श्री | बागमती प्रदेश प्रहरी कार्यालय | – सदस्य |
| श्री ललित शाही | बालगृहहरूको महासङ्घ बागमती प्रदेश प्रतिनिधी | – सदस्य |

श्री झविन्द्रप्रसाद ज्ञावली – सदस्य
श्री शान्ती श्रेष्ठ – सदस्य
श्री मीना थापा – सदस
श्री लक्ष्मी ढकाल – सदस्य
श्री शान्ता बराल – सदस्य
सचिव, सामाजिक विकास मन्त्रालय – सदस्य सचिव

**९.२ प्रदेश संरक्षण विषयगत क्षेत्रका सदस्यहरूको विवरण**

सचिव, सामाजिक विकास मन्त्रालय –संयोजक
महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा – सदस्य
महाशाखा प्रमुख, स्वास्थ्य महाशाखा – सदस्य
निर्देशक स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश – सदस्य
निर्देशक शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश – सदस्य
महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा – सदस्य
उपसचिव (विपद व्यवस्थापन सम्पर्क व्यक्ति) आन्तरिक मामिला तथा कानुन मन्त्रालय – सदस्य
प्रतिनिधी प्रदेश प्रहरी कार्यालय, बागमती प्रदेश – सदस्य
श्री शान्ता बराल प्रतिनिधी प्रदेश बाल अधिकार समिति – सदस्य
श्री मिहिर कुमार झा प्रतिनिधी प्लान इन्टरनेसनल नेपाल – सदस्य
श्री आरती पाठक अध्यक्ष मानवअधिकार संरक्षण तथा मानव बेचविखन विरुद्धको सञ्जाल मकवानपुर – सदस्य
श्री झविन्द्र ज्ञावली अध्यक्ष बालगृह सञ्जाल मकवानपुर – सदस्य
प्रतिनिधी नेपाल रेडक्रस सोसाइटी, बागमती प्रदेश प्रतिनिधि – सदस्य
शाखा प्रमुख, बाल अधिकार तथा सामाजिक विकास शाखा – सदस्य सचिव

**१०. कोभिड-१९ को रोकथाम, उपचार र नियनत्रणसँग सम्बन्धित क्रियाकलापको विवरण**

**बागमती प्रदेशको विवरण**

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| सङ्क्रमण देखिएको | २६६१४३ (१००%) | १४५९९० ( १००%) |
| निको भएको | २५९७७२ (९७.६१%) | १४२०३०(९७.२९%) |
| उपचाररत | ४४३४ (१.७१%) | २९९९(२.०५%) |
| मृत्यु भएको | १९३७(०.७३%) | ९६१(०.६६%) |

**स्रोतः** सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/२९

हालसम्मको तथ्याङ्कमा यस प्रदेशमा देशको कुल सङ्क्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनातम्क रूपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जीर्ण रोगहरूको सहरुग्णता देखिएको छ।

**क) जिल्लागत सङ्कलित स्वाब सङ्ख्या**

| जिल्ला | जम्मा सङ्कलित स्वाब सङ्ख्या | जम्मा पोजिटिभ केस |
|---|---|---|
| काठमाडौँ | ६१६८२४ | ९९३३४ |
| ललितपुर | २७७१९३ | १५७३१ |
| भक्तपुर | २४५८३ | ९०५८ |
| रसुवा | ३५८५ | २३३ |
| नुवाकोट | १०३९९ | १४६४ |
| धादिङ | ६५०३ | १७३२ |
| चितवन | ६७९१० | ७६१५ |
| सिन्धुली | ४२७८ | ५८० |
| मकवानपुर | ३४३४६ | ४३८० |
| रामेछाप | ३०६७ | ५६३ |
| दोलखा | ३४३९ | ७६८ |
| काभ्रेपलाञ्चोक | ४९०६८ | ३५२७ |
| सिन्धुपाल्चोक | ६७०१ | १००५ |
| **जम्मा** | **११०७९०२** | **१४५९९०** |

स्रोतः पोजेटिभ केसको विवरण स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिडिइ ब्रिफिङबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त अन्तिम अभिलेख (२०७७/०९/२९)

**ख) हालसम्म प्रदेश मातहतका पी.सी.आर. प्रयोगशालामा प्राप्त भएको स्वाबको विवरण**

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको सङ्ख्या |
|---|---|
| किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र (VBDRTC), हेटौँडा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२२२ |
| प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, धुलिखेल, काभ्रेपलाञ्चोक | १७३९३ |
| त्रिशुली अस्पतालअन्तर्गतको पी.सी.आर प्रयोगशाला | ३९५७ |
| भक्तपुरको अस्पताल अन्तर्गतको पी.सी.आर प्रयोगशाला | १४३३ |
| सिन्धुली अस्पताल अन्तर्गतको पी.सी.आर प्रयोगशाला | ३७७ |

स्रोतः स्वास्थ्य संस्थाबाट प्राप्त विवरण २०७७/०९/२९

**ग) प्रदेश सरकार अन्तर्गत सञ्चालन भएका पी. सी. आर. प्रयोगशालाको विवरण:**

| क्र.सं. | पी.सी.आर प्रयोगशाला | |
|---|---|---|
| १ | प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | |
| | क) | हेटौँडास्थित प्रयोगशाला |
| | ख) | धुलिखेलस्थित प्रयोगशाला |
| २ | भक्तपुर अस्पताल | |
| ३ | हेटौँडा अस्पताल | |
| ४ | सिन्धुली अस्पताल | |
| ५ | त्रिशुली अस्पताल | |
| | **जम्मा – ६** | |

**घ) प्रादेशिक अस्पतालमा बनेका आइसियु र HDU को विवरण**

| क्र.सं. | अस्पताल | आइसीयु बेड | तयारीका क्रममा रहेका HDU (High Dependency Unit) बेड |
|---|---|---|---|
| १ | भक्तपुर अस्पताल | २० | ७५ |
| २ | हेटौँडा अस्पताल | १० | २५ |
| ३ | सिन्धुली अस्पताल | ५ | २५ |
| ४ | त्रिशुली अस्पताल | ६ | ४ |
| ५ | धादिङ | १० | २ |
| **जम्मा** | | **५१** | **१३१** |

**ङ) जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पिसिआर परीक्षण सम्बन्धी विवरण**

हालसम्म बागमती प्रदेशमा ७,४७७ ओटा क्वारेन्टाइन बेड रहेको छ । यस प्रदेशमा ४,७०७ ओटा आइसोलेसन बेड तयारी अवस्थामा रहेको छ, जसमा अहिले ७०३ जना ( केही जिल्लामा होम आइसोल्सनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र २,२९६ जना होम आयसोलेसनमा बसिरहनु भएको छ । यस प्रदेशमा आइसियु बेडको सङ्ख्या ४१५, भेन्टिलेटर बेडको बेड सङ्ख्या १६० र प्रदेशमा भएको पिसीआर प्रयोगशालाको सङ्ख्या ४३ (सरकारी २० ओटा र गैर सरकरीमा २३ ओटा) रहेको छ ।

**च) प्रदेशभित्र रहेका आइसोलेसन केन्द्रको विवरण**

| क्र.सं. | जिल्ला | आइसोलेसन केन्द्र | बेड |
|---|---|---|---|
| १ | भक्तपुर | ९ | ५८७ |
| २ | चितवन | १० | ८४९ |
| ३ | धादिङ | ३ | ५८ |
| ४ | दोलखा | ७ | १२८ |
| ५ | काठमाडौँ | ८ | ३६ |
| ६ | काभ्रेपलाञ्चोक | ११ | २३७ |
| ७ | ललितपुर | ३ | ३५ |
| ८ | मकवानपुर | ३ | १६ |
| ९ | नुवाकोट | ६ | ३२ |
| १० | रामेछाप | १२ | ७१ |
| ११ | रसुवा | ५ | ३५ |
| १२ | सिन्धुली | ५ | ४१ |
| १३ | सिन्धुपाल्चोक | २ | १३ |
| **जम्मा** | | **८४** | **२१३८** |

छ) COVID-19 **रोकथाम तथा नियन्त्रण कार्ययोजना (फागुन २०७६ देखी असार २०७७ सम्म)**

| क्र. सं. | मुख्य क्रियाकलापहरू | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| १ | मन्त्रालय अन्तरगतका अस्पताल स्वास्थ्य कार्यालय र आयुर्वेद केन्द्रहरूलाई सङ्घीय प्रोटोकोल अनुसार तयारी अवस्थामा रहन साथै व्यवस्थापन गर्न निर्देशन | सामाजिक विकास मन्त्रालय |
| २ | कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि विभिन्न उच्चस्तरीय अनुगमन समिति तथा कार्यदलहरू गठन | सामाजिक विकास मन्त्रालय |
| ३ | रसुवा र सिन्धुपाल्चोक नाका, प्रदेशका स्वास्थ्य कार्यलय र अस्पताल र क्वारेनटाइन स्थलगत प्राविधिक सहयोग | सामाजिक विकास मन्त्रालय |
| ४ | पिपिई को समुचित प्रयोग र स्वाब सङ्कलन गर्ने प्रक्रिया बारे स्वास्थ्यकर्मीलाई तालिम | जनस्वास्थ्य प्रयोगशाला |
| ५ | कोभिड १९ उपचार तथा व्यवस्थापनमा संलग्न हुने स्वास्थ्यकर्मीको तालिम | स्वास्थ्य तालिम केन्द्र |
| ६ | रसुवामा हेल्थ डेस्क स्थापनाका लागि रकम निकासा र प्रिफ्याक भवन निर्माण | स्वास्थ्य कार्यलय रसुवा |
| ७ | कोभिड १९ व्यवस्थापनको लागि आवश्यक सामाग्री पिपिई, इन्फ्रारेड थर्मोमिटर आदि खरिद तथा वितरण | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| ८ | प्रदेशमा ICU Isolation र Quarantine व्यवस्थापन र सञ्चालनका लागि उपकरण र प्रविधिको व्यवस्था गर्ने | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| ९ | भक्तपुर, हेटौडा, त्रिशुली, धादिङ तथा सिन्धुली अस्पतालमा ICU स्थापनाको लागि आवश्यक औजार उपकरण खरिद | भक्तपुर तथा सिन्धुली अस्पताल |
| १० | प्रदेशका तोकिएका अस्पतालमा ICU र Isolation प्रभावकारी सञ्चालन गर्ने | अस्पताल, स्वास्थ्य कार्यालय र स्थानीय तह |
| ११ | Isolation, ICU र Quarantine सञ्चालनका लागि विद्यालय नर्सको परिचालन गर्ने | स्थानीय तह, सामाजिक विकास मन्त्रालय |
| ११ | कोरोना अस्पताल भरतपुर, धुलिखेल र रत्ननगर अस्पतालमा Isolation सञ्चालनका लागि व्यवस्थापन सहयोग | स्थानीय तह |
| १२ | Fever clinic सञ्चालन तथा ARI र ILI को निरन्तर निगरानी | अस्पताल , स्वास्थ्य कार्यालय |
| १३ | ICU Isolation र Quarantine व्यवस्थापनको लागि भौतिक पूर्वाधारको छनोट तथा व्यवस्थापन | अस्पताल, स्वास्थ्य कार्यालय र स्थानिय तह |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| १४ | कोभिड १९ नियन्त्रण र रोकथामका लागि थप बजेटको निकासा | सामाजिक विकास मन्त्रालय |
| १५ | कोभिड १९ विरुद्धका स्वास्थ्य सूचना सामाग्री तयार, प्रकासन प्रसारण र वितरण | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय |
| १६ | बहु क्षेत्रीय समन्वय गरी कोरोना रोकथामको लागि सबै सरोकारवालाहरूलाई परिचालन गर्ने | स्वास्थ्य कार्यालय, सामाजिक विकास मन्त्रालय |
| १७ | कोरोना भाइरस(COVID-19)को बिरामी ओसारपोसारका लागि एम्बुलेन्स परिचालन/व्यवस्थापन गर्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय |
| १८ | कोरोना भाइरस(COVID-19)का लागि Quarantine, Isolation Ward र ICU कक्षमा थप कर्मचारी व्यवस्थापन | अस्पताल |
| १९ | ल्याब परीक्षणको लागि हेटौँडामा प्रयोगशाला स्थापना तथा सञ्चालन | जनस्वास्थ्य प्रयोगशाला |
| २० | RDT किटबाट परीक्षण सुरु | स्वास्थ्य कार्यालय र स्थानीय तह |
| २२ | Confirmed case को contact tracing | स्वास्थ्य कार्यालय स्थानीय तह |
| २३ | PHEOC बाट नियमित कार्य सञ्चालन | स्वास्थ्य निर्देशनालय |
| २४ | नियमित प्रतिवेदन | स्वास्थ्य कार्यालय |

**११. हालसम्मका सामाजिक विकास मन्त्रीहरुको विवरण**

| क्र. सं. | सामाजिक विकास मन्त्रिको नाम | समायावधी |
|---|---|---|
| १ | माननीय युवराज दुलाल | २०७४ फाल्गुण १६ देखि २०७७ पुस ९ सम्म |
| २ | माननीय डोरमणि पौडेल | २०७७ पुस १० देखि हालसम्म |

**१२. हालसम्मका सामाजिक विकास मन्त्रालयका प्रदेश सचिवहरुको विवरण**

| क्र. सं. | सचिवको नाम | सचिव/ नि. सचिव | समायावधी |
|---|---|---|---|
| १ | श्री शम्भु प्रसाद भट्टराई | नि. सचिव | २०७४ फागुण १५ देखि २०७४ फागुन २६ सम्म |
| २ | श्री मनोहर प्रसाद खनाल | सचिव | २०७४ फागुण २७ देखि २०७५ वैशाख १६ सम्म |

| क्र. सं. | सचिवको नाम | सचिव/ नि. सचिव | समायावधी |
|---|---|---|---|
| ३ | श्री शम्भु प्रसाद भट्टराई | नि. सचिव | २०७५ वैशाख १७ देखि २०७५ जेठ १३ सम्म |
| ४ | श्री दीर्घ नारायण पौडेल | सचिव | २०७५ जेठ १४ देखि २०७५ फागुन २१ सम्म |
| ५ | श्री लोकनाथ पौड्याल | सचिव | २०७५ फागुन २२ देखि २०७५ चैत्र २७ सम्म |
| ६ | श्री दिपेन्द्र सुवेदी | नि. सचिव | २०७५ चैत्र २८ देखि २०७६ भाद्र २२ सम्म |
| ७ | श्री गोकर्णमणि दुवाडी | सचिव | २०७६ भाद्र २३ देखि २०७७ जेठ १३ सम्म |
| ८ | श्री दिपक काफ्ले | सचिव | २०७७ जेठ १४ देखि हालसम्म |

## १३.मन्त्रालय र मातहतका निकायहरूको विवरण

**मन्त्रालय मातहतका कार्यालय प्रमुखहरुको सम्पर्क विवरण**

| क्र.स. | कार्यालयको नाम | ठेगाना | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. | | इमेल |
|---|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोबाइल | |
| १ | सामाजिक विकास मन्त्रालय | मकवानपुर | दिपक काफ्ले | | ९८५५०३०५६८ | p3mosd@gmail.com |
| २ | स्वास्थ्य निर्देशनालय | मकवानपुर | रमेश प्रसाद अधिकारी | ०५७-५२४७६१ | ९८५५०३०५१० | hd.prov3@gmail.com |
| ३ | शिक्षा विकास निर्देशनालय | मकवानपुर | चन्द्र प्रसाद लुईटेल | ०५७ -५२७१०४ | ९८५११२७०४४ | cred.gov.np@gmail.com |
| ४ | प्रदेश खेलकुद विकास परिषद | मकवानपुर | रमा खतिवडा | ०५७-५२४०३ | ९८४९१०४०८१ | psdcp3@gmail.com |
| ५ | हेटौडा अस्पताल | मकवानपुर | डा. प्रविण श्रेष्ठ | ०५७-५२३९७८ | ९८४१२४०६८३ | hetauda.hetauda@gmail.com |
| ६ | प्रदेश स्वास्थ्य आपुर्ती व्यावस्थापन केन्द्र | मकवानपुर | बसन्त अधिकारी | ०५७-५२०५४७ | ९८५११७३९३४ | rmshetauda@gmail.com |
| ७ | व्यावसायीक सिप विकास तालिम केन्द्र | मकवानपुर | युवराज गुरुङ | ९८४५१०२९९७ | ९८४५१०२९९७ | vsdtchetauda@gmail.com |
| ८ | स्वास्थ्य कार्यालय | मकवानपुर | प्रणय कुमार उपाध्याय (घिमिरे) | ०५७-५२४६७२ | ९८४१०५७८५४ | dho.makwanpur1@gmail.com |
| ९ | नारायणी अंचल आयुर्वेद औषधालय | मकवानपुर | डा. सृष्टी श्रेष्ठ | ०५७-५२०६८१ | | p3mosd.dahcmakwanpur@gmail.com |
| १० | प्रदेश जनस्वास्थ्य प्रयोगशालय | काठमाण्डौं | नारायण बहादुर कार्की | ०१-४११५७८५ | ९८५१२०७४०२ | pphl2076@gmail.com |
| ११ | स्वास्थ्य कार्यालय | काठमाण्डौं | बद्रि बहादुर खड्का | ०१-४२१६१९ | ९८५१२०३६७९ | dphokathmandu2011@yahoo.com |
| १२ | प्रदेश स्वास्थ्य तालिम केन्द्र, सिनामंगल | काठमाण्डौं | बद्रि बहादुर खड्का | ०१-४२१५४०४ | ९८५१२०३६७९ | info@nhtc.gov.np |
| १३ | बागमती अंचल आयुर्वेद औषधालय | काठमाण्डौं | डा.अन्जु कार्की | ०१-४४७८२०१ | ९८४१४२०४०० | p3mosd.dahckathmandu@gmail.com |
| १४ | शिक्षा तालिम केन्द्र | काभ्रेपलाञ्चोक | तोयानाथ खनाल (पि.एच.डी.) | ०११-४९०३५३ | ९८४१७५१४४३ | |
| १५ | सार्वजनिक निर्माण तथा कार्यान्वयन इकाई | काभ्रेपलाञ्चोक | पुर्ण बहादुर दर्जी | ०११-४९१२२६ | ९८५१२२९३२६ | purnanepali22@yahoo.com |
| १६ | स्वास्थ्य कार्यालय | काभ्रेपलाञ्चोक | डा.नरेन्द्र कुमार झा | ०११-४९०३०० | ९८५११६३३३८ | dhokavre@gmail.com |
| १७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | काभ्रेपलाञ्चोक | डा. मनोज कुमार चौधरी | ०११-६६२१३४ | | p3mosd.dahckavre@gmail.com |
| १८ | सार्वजनिक निर्माण तथा कार्यान्वयन इकाई, गजुरी | धादिङ | सुकदेव सापकोटा | ०१०-४०२१८९ | | pciugajuri@gmail.com |

| क्र.स. | कार्यालयको नाम | ठेगाना | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. | | इमेल |
|---|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोबाइल | |
| १९ | व्यावसायीक सिप विकास तालिम केन्द्र, गजुरी | धादिङ | पुरुषौत्तम पाण्डे | | ९८५११२२१८० | vsdtc.dhading@yahoo.com |
| २० | स्वास्थ्य कार्यालय | धादिङ | डा. भुवन पौडेल | ०१०-५२०१२६ | ९८५११४९२७३ | dhodhading@yahoo.com |
| २१ | धादिङ अस्पताल | धादिङ | डा. त्रिभुवन चन्द्र झा | ०१०-५२०१३०/ ५२०६०५ | ९८५११०२७९८ | dhospitaldhading@gmail.com |
| २२ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | धादिङ | डा. सुइरा जोशी | ०१०-५२०२७८ | | p3mosd.dahcdhading@gmail.com |
| २३ | भक्तपुर अस्पताल | भक्तपुर | डा. सुमित्रा गौतम | ०१-६६१०७९८ /६६१०६७६ | ९८५८० | bhaktapurhospital@gmail.com |
| २४ | स्वास्थ्य कार्यालय | भक्तपुर | कृष्ण बहादुर मिजार | ०१-६६१६०१० | ९८५११०५६१० | dphobhaktapur@gmail.com |
| २५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | भक्तपुर | डा. नन्दन कँडेल | ०१-६६१२०८८ | ९८४१०५८२२१ | p3mosd.dahcbhaktapur@gmail.com |
| २६ | जिल्ला स्वास्थ्य कार्यालय | चितवन | दिपक प्रसाद तिवारी | ०५६-५२०२२९ | ९८५१२००३८०७ | dpho.chitawan@gmail.com |
| २७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | चितवन | डा. कोपिला अधिकारी | ०५६-५६०४७० | | p3mosd.dhacchitwan@gmail.com |
| २८ | स्वास्थ्य कार्यालय | दोलखा | विभु कुमार झा | ०४९-४२११८८/ | 9854045909 | dhodolakha@yahoo.com |
| २९ | आयुर्वेद स्वास्थ्य केन्द्र | दोलखा | डा. अमूल्य दहाल | ०४९-४२१३०६ | | p3mosd.dahcdolakha@gmail.com |
| ३० | स्वास्थ्य कार्यालय | ललितपुर | खगेश्वर गेलाल | ०१-५२४६७२ | ९७४१०७१ ६२४ | dpholp@gmail.com |
| ३१ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ललितपुर | डा. अनु शाक्य | ०१-५५४८०९९ | ९८४१४७९६१८ | p3mosd.dahclalitpur@gmail.com |
| ३२ | त्रिशुलि अस्पताल | नुवाकोट | डा. दिपेन्द्र पाण्डे | ०१०-५६०१८८ /५६०२३१ | | districulihospital@gmail.com |
| ३३ | स्वास्थ्य कार्यालय | नुवाकोट | सागर प्रसाद घिमिरे | ०१०-५६०२५५ | ९८५१२३३६३९ | dho.nuwakot@gmail.com |
| ३४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | नुवाकोट | डा. रोजिना ताम्राकार | ०१०-४१०००२ | | p3mosd.dahcnuwakot@gmail.com |
| ३५ | जिल्ला अस्पताल | रामेछाप | डा.मविन अर्याल | ०४८-४००११४ | ९८४१६२६१११ | dhramechhap@gmail.com |
| ३६ | स्वास्थ्य कार्यालय | रामेछाप | जितेन्द्र कुमार कर्ण (नि.का.प्र.) | ०४८-४०००७९ /४०००७२ | ९८५४०४५ ००७ | dhoramechhap21@gmail.com |
| ३७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | रामेछाप | डा. नरेन्द्र प्रसाद गिरी | ०४८-५४०१४३ | | p3mosd.dahcramechhap@gmail.com |
| ३८ | जिल्ला अस्पताल | रसुवा | डा.अनिस कुमार खरेल | ०१०-५४००४० | ९८४४०५६२३० | rasuwa.district.hospital@gmail.com |
| ३९ | स्वास्थ्य कार्यालय | रसुवा | किरण श्रेष्ठ | ०१०-५४०१८८ | ९८५१२२७३५१२ | dhorasuwa@gmail.com |
| ४० | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | रसुवा | डा. अर्जुन उपाध्याय | ०१०-५४०२१४ | | p3mosd.dahcrasuwa@gmail.com |
| ४१ | सिन्धुली अस्पताल | सिन्धुली | डा.सर्जु श्रेष्ठ | ०४७-५२०१४५ | ९८४१६७०८५८ | sindhulihospitalsindhuli016@gmail.com |
| ४२ | स्वास्थ्य कार्यालय | सिन्धुली | जितेन्द्र कुमार शाह | ०४७-५२०१८८ | ९८६८८१५०८७ | hmissindhuli@gmail.com |
| ४३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | सिन्धुली | राम सेवक यादव | ०४७-५२०३४३ | | p3mosd.dahcsindhuli@gmail.com |
| ४४ | चौतारा अस्पताल | सिन्धुपाल्चोक | डा.अमित प्रजापति | ०११-६२०१०३ /६२०४६१ | ९८६५०६८२४६ | chautarahospital@gmail.com |
| ४५ | स्वास्थ्य कार्यालय | सिन्धुपाल्चोक | दुर्गा दत्त चापागाई | ०११-६२००९२ | ९८५१२०१०२६ | sindhupalchokdha@gmail.com |
| ४६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | सिन्धुपाल्चोक | डा. बशब्बदाम्बा कौण्डियायनी | ०११-६२०१४३ | | p3mosd.dahcsindhupalchok@gmail.com |




विद्यालय नर्स कार्यक्रम



रसुवाको आमछोरिङ गाँउपालिकामा रोभिङ नर्सबाट समुदायमा आमाहरुसँग स्वास्थ्यका बारेमा छलफल




सामाजिक विकास मन्त्रालयबाट उपलब्ध गराइएको अनुदानबाट व्यवस्था गरिएको विद्यालय बस



ज्योति मावि हेटौडाको सामाजिक अध्ययन विषयको प्रयोगशाला



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान




भक्तपुरको बाल सुधार गृहमा  सञ्चालित जीवन उपयोगी सीप तालिम




माननीय मन्त्रीज्यूबाट प्रदेश अस्पतालका सेवाहरुको उद्घाटन



भकुण्डे कभर्ड हल, काभ्रे




## सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको अनुरोध

कोभिड १९ विरुद्धको भ्याक्सिनको आविस्कारसँगै यस महामारी विरुद्ध लड्न सहज भएको छ। तर भ्याक्सिनबाट मात्र यस विरुद्धको अभियान सम्भव नभएकोले यसका साथसाथै जनस्वास्थ्यका अन्य उपायहरु जस्तैः व्यक्ति व्यक्ति बीचको दूरी कायम गर्ने, बारम्बार साबुन पानीले मिचिमिची हात धुने, मास्कको प्रयोग गर्ने, हावा आवतजावत गर्ने वा खुला ठाउँमा बस्ने, व्यवहारलाई निरन्तरता कामय गर्दै कोभिड विरुद्धको लडाइमा सामेल हुन आम जनसमुदायमा सामाजिक विकास मन्त्रालय हार्दिक अपिल गर्दछ।


### प्रधान सम्पादक

श्री दिपक काफ्ले
प्रदेश सचिव

सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

### सम्पादक मण्डल

| | |
|---|---|
| श्री खुविराम अधिकारी | अधिकृतस्तर दशौं |
| श्री रुद्रहरी भण्डारी | अधिकृतस्तर दशौं |
| श्री सतिश विष्ट | अधिकृतस्तर दशौं |
| डा पुरुषोतम राज सेढाई | अधिकृतस्तर दशौं |
| श्री शुकदेव सापकोटा | आयोजना प्रमुख |
| श्री इन्दिरा ओझा | अधिकृतस्तर नवौं |
| श्री असिम घिसिङ | अधिकृतस्तर आठौं |

### लेआउट तथा डिजाइन

| | |
|---|---|
| श्री सुमन चौधरी | कम्प्युटर सहायक |

### प्रकाशक

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

फोनः०५७-५२४८३६
इमेलः mosd@bagamati.gov.np
वेवः mosd.p3.gov.np